# सुन्तलाजात फलफूलको प्याक हाउस निर्माण तथा मेसिनरी खरिद कार्य सञ्चालन कार्यविधि २०७५

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**कृषि विकास निर्देशनालय**
गण्डकी प्रदेश
मालेपाटन, पोखरा

# सुन्तलाजात फलफूलको प्याक हाउस निर्माण तथा मेसिनरी खरिद कार्य सञ्चालन कार्यविधि २०७५

**प्रस्तावना**

गण्डकी प्रदेशको मध्यपहाडी क्षेत्रमा व्यवसायिक तवरमा सुन्तलाजात फलफूलको खेती हुँदै आइरहेको छ । उत्पादित सुन्तलाजात फलफूलले देशको कुल माग धान्न उल्लेख्य योगदान पुऱ्याए पनि बजार व्यवस्थापन समस्याका कारण कृषक तथा व्यापारीहरूले उचित प्रतिफल पाउन सकिरहेका छैनन् । सुन्तलाजात फलफूल टिप्ने बेलादेखि नै सही तरिकाले व्यवस्थापन गरी ग्रेडिङ, प्रोसेसिङ्ग, प्याकिङ्ग पश्चात गुणस्तरयुक्त फल बजारमा विक्री वितरण गर्न सकेमा सोबाट कृषक तथा व्यवसायीले उचित मूल्य प्राप्त गर्ने र उपभोक्ताले समेत गुणस्तरीय फलको उपभोग गर्न व्यवस्थित तवरमा सुन्तलाजात फलफूलको प्याक हाउस स्थापना गरी सञ्चालन गर्ने सन्दर्भमा आ.व. २०७५।७६ को लागि सङ्घबाट ससर्त अनुदान प्राप्त सुन्तलाजात फलफूलको प्याक हाउस निर्माण तथा मेसिनरी खरिद कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाइ कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम **"सुन्तलाजात फलफूलको प्याक हाउस निर्माण तथा मेसिनरी खरिद कार्य सञ्चालन कार्यविधि २०७५"** रहेको छ।

ख) यो कार्यविधि गण्डकी प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. कार्यविधि लागू हुने क्षेत्र**

यो कार्यविधि गण्डकी प्रदेशभर लागू हुनेछ।

**३. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) **"उद्यमी"** भन्नाले यस कार्यविधि अनुरूप सुन्तलाजात फलफूलको प्याक हाउस निर्माण गर्न तथा प्याक हाउस सञ्चालन गर्न आवश्यक पर्ने मेसिनरी खरिदका लागि पाउने अनुदान

लिने उद्देश्यले आवेदन दिने कृषक वा कृषक समूह वा सहकारी संस्था वा सार्वजनिक वा गैर-सरकारी संस्था वा बजार समिति वा निजी कम्पनी भन्ने सम्झनुपर्दछ ।

ख) **"प्रस्ताव"** भन्नाले उद्यमीले सुन्तलाजात फलफूलको प्याक हाउस निर्माण गर्न तथा प्याक हाउस सञ्चालन गर्न आवश्यक पर्ने मेसिनरी खरिदका लागि अनुदान पाउन पेश गरेको आवेदनको विवरण सम्झनुपर्दछ ।

ग) **"अनुदान"** भन्नाले यस कार्यविधि अनुरूप सुन्तलाजात फलफूलको प्याक हाउस निर्माणपश्चात प्याक हाउस सञ्चालन गर्न आवश्यक पर्ने मेसिनरी जडान गर्ने कार्यमा सहयोग पुर्याउन उपलब्ध गराइने नगद, वस्तुगत वा दुवै अनुदान रकम सम्झनुपर्दछ ।

घ) **"मन्त्रालय"** भन्नाले गण्डकी प्रदेश अन्तर्गतको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनुपर्छ ।

ङ) **"निर्देशनालय"** भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेको कृषि विकास निर्देशनालयलाई सम्झनुपर्दछ ।

च) **"केन्द्र"** भन्नाले कृषि विकास निर्देशनालय अन्तर्गत जिल्लास्थित कृषि प्रविधि प्रसार सेवा उपलब्ध गराउने कृषि ज्ञान केन्द्रलाई सम्झनुपर्दछ ।

छ) **"गैर-सरकारी संस्था"** भन्नाले संस्था दर्ता ऐन अनुरूप सम्बन्धित कार्यालयमा दर्ता भएको संस्था सम्झनुपर्दछ ।

ज) **"सहकारी संस्था"** भन्नाले सहकारी ऐन २०४८ तथा नियमावली बमोजिम सम्वन्धित कार्यालयमा दर्ता भएको सहकारी संस्था वा सङ्घ सम्झनुपर्दछ ।

झ) **"निजी कम्पनी"** भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिस्ट्रारको कार्यालय दर्ता भएको कम्पनी भन्ने बुझ्नुपर्दछ । यस शब्दले घरेलु तथा साना उद्योग विभागमा दर्ता भएको उद्योग समेतलाई जनाउँदछ ।

ञ) **"कृषक समूह"** भन्नाले तत्कालीन जिल्ला कृषि विकास कार्यालय वा कृषि ज्ञान केन्द्र वा स्थानीय निकायमा दर्ता भइ कृषि उत्पादन, सङ्कलन, विक्री वितरण कार्यमा संलग्न भएका कम्तीमा १० जना कृषकहरूको समूहलाई सम्झनुपर्दछ ।

ट) **"बजार समिति"** भन्नाले सम्बन्धित सरकारी निकायमा दर्ता भइ सरकारी अनुदान लिई वा व्यक्तिगत लगानीमा कृषि उपज बजारको स्थापना गरी कृषिजन्य उपजहरूको सङ्कलन, भण्डारण तथा विक्री वितरण कार्यमा संलग्न भएका व्यवसायी/व्यवसायीको सङ्गठित समूह सम्झनुपर्दछ।

ठ) **"कृषक"** भन्नाले पुष्प खेती गरिरहेको व्यक्ति सम्झनुपर्दछ ।

ड) **“छनौट तथा मूल्याङ्कन समिति”** भन्नाले परिच्छेद २ को दफा ८ अनुसार गठित समिति सम्झनुपर्दछ ।

ढ) **“प्याक हाउस”** भन्नाले सुन्तलाजात फलफूलको टिपाइ पश्चात व्यवस्थित तवरमा सङ्कलन, सर्टिङ, ग्रेडिङ, प्याकेजिङ कार्य गर्नको लागि निर्माण गरिएको भौतिक संरचना/स्थानलाई सम्झनुपर्दछ ।

ण) **“मेसिनरी”** भन्नाले सुन्तलाजात फलफूलको टिपाइ पश्चात व्यवस्थित तवरमा सङ्कलन, सर्टिङ, ग्रेडिङ, प्याकेजिङ कार्य गर्नको लागि प्रयोग गरिने उपकरणलाई सम्झनुपर्दछ ।

त) **“प्रमुख”** भन्नाले कृषि विकास निर्देशनालयका तथा कृषि ज्ञान केन्द्र प्रमुख भन्न सम्झनुपर्दछ।

## ४. कार्यक्रमको उद्देश्य

क) सुन्तलाजात फलफूल टिपेपश्चातको कार्यहरूलाई व्यवस्थित बनाउन निजी क्षेत्रलाई सुन्तलाजात फलफूलको प्याक हाउस स्थापना र सञ्चालन गर्न सहयोग गर्ने ।

ख) गुणस्तरीय सुन्तलाजात फलफूलको उत्पादन तथा विक्री वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गर्न टेवा पुर्याउने ।

ग) सुन्तलाजात फलफूलको उत्पादनोपरान्त हुने क्षतिलाई कम गरी खाद्य सुरक्षा तथा पोषण सुधारमा टेवा पुर्याउने ।

# परिच्छेद २
# कार्यक्रम सञ्चालन विधि

## ५. सूचना प्रकाशन तथा प्रस्ताव आह्वान

क) यस कार्यविधि अनुसार सम्भाव्य र आवश्यक पर्ने जिल्ला तथा क्षेत्रहरूमा निर्माण भइ सकेका प्याक हाउसहरू वा नयाँ प्याक हाउस निर्माण हुने स्थान छनौटका लागि यस कार्यविधिको दफा ७ मा व्यवस्था भए बमोजिम योग्यता पुगेका कृषक, कृषक समूह, सहकारी संस्था, सार्वजनिक, गैरसरकारी संस्था, बजार समिति, निजी कम्पनीबाट राष्ट्रिय दैनिक पत्रिकामार्फत कम्तीमा ३० दिनको म्याद दिई सम्बन्धित केन्द्रले प्रस्ताव आह्वानको सूचना प्रकाशित गरिने छ । प्रकशित सूचना लगायतका अन्य आवश्यक कागजातहरू केन्द्रको वेवसाइट पनि राख्ने व्यवस्था गर्नु गर्नेछ । प्रेसित सूचनाको व्यापक प्रचार-प्रसारका लागि स्थानीय निकायका सबै कार्यालयहरूमा सूचना टाँस्ने व्यवस्था

हुनुपर्ने । सूचना बमोजिम सम्बन्धित कृषक समूह, कृषि सहकारी, कृषि फार्म, कृषि वा पर्यटन सम्बन्धी कम्पनी वा संस्था आदिले प्रस्ताव पेश गर्न सक्नेछन् ।

ख) उप दफा 'क' बमोजिम सूचना प्रकाशन भए अनुरूप उद्यमीले तोकिएको अन्तिम मितिसम्म कार्यालय समयभित्र सम्बन्धित कार्यालयमा यस कार्यविधिको अनुसूची २ मा उल्लेख भए बमोजिम सम्पूर्ण कागजात सहित आवेदन प्रस्ताव खाम बन्दी गरी पेश गर्नुपर्नेछ ।

## ६. अनुदान उपलब्ध गराउने आधारहरू

क) प्रस्ताव पेश गर्ने उद्यमीले नयाँ निर्माण हुने प्याक हाउसको हकमा प्याक हाउसको विस्तृत डिजाइन र लागत इस्टिमेट सहित प्याक हाउसमा जडान गरिने मेसिनरीहरूको स्पेसिफिकेसन तथा लागत मुल्य समेत पेश गर्नु पर्नेछ । उक्त डिजाइन र मेसिनरीहरूको स्पेसिफिकेसन कृषि विकास निर्देशनालय वा अन्य सरकारी इन्जिनियरबाट तयार गराउनु पर्नेछ ।

ख) प्याक हाउसबाट वार्षिक कम्तीमा ५०० टन सुन्तलाजात फलफूल सङ्कलन, सर्टिङ, ग्रेडिङ, प्याकेजिङ गर्न सक्ने क्षमता भएको संरचनाको डिजाइन र स्थानिय दररेट अनुसार लागत अनुमान तयार गरेको हुनुपर्नेछ ।

ग) प्याक हाउसको मेसिनरीहरू प्राप्त गर्ने उद्यमीले खरिद गरेको मेसिनरीहरू यस कार्यविधिको उद्देश्य अनुसार प्रयोग गर्ने प्रत्याभूति दिलाउन सक्नुपर्नेछ।

## ७. आवेदन दिन आवश्यक योग्यता

यस कार्यविधि अनुरूप प्याक हाउस स्थापना तथा मेसिनरी खरिद गर्नका लागि अनुदान प्राप्त गर्न देहायका योग्यता पुगेका सबै उद्यमीहरूले अनुसूची २ अनुसार आवेदन दिन सक्नेछन् ।

क) आवेदक उद्यमी कानुन बमोजिम दर्ता भइ स्थायी लेखा नम्बर लिएका, संस्था दर्ता भएको कम्तीमा एक वर्ष पूरा भएको, साधारण सभा गरेर वार्षिक लेखा-परीक्षण गरेको साथै सरकारी कर चुक्ता गरेको हुनुपर्नेछ ।

ख) प्याक हाउस निर्माणका लागि कम्तीमा ३ रोपनी क्षेत्रफलको जग्गा हुनुपर्नेछ र उक्त जग्गामा बाटो, बिजुली, पानी आदिको सुविधा भएको हुनुपर्नेछ । प्याक हाउस निर्माण कार्यमा संलग्न हुने उद्यमीको आफ्नै नाममा जग्गा हुनुपर्नेछ वा कम्तीमा १५ वर्षका लागि भाडामा लिएको हुनुपर्नेछ ।

ग) प्याक हाउस निर्माण गर्ने उद्यमीले पूर्वाधार स्थापना र सञ्चालन कार्ययोजनामा भएको लागत बमोजिम योगदान व्यहोर्न सक्ने क्षमता भएको हुनुपर्नेछ ।

घ) आवेदक संस्था/कम्पनीले आफूले व्यहोर्नु पर्ने रकम वित्तीय संस्थाबाट ऋण लिई गर्ने भएमा लगानी गर्ने बराबरको रकम प्राप्त गर्ने प्रतिबद्धता वा बैङ्क ग्यारेण्टी-पत्र पेश गर्नुपर्नेछ ।

## ८ छनौट तथा मूल्याङ्कन समितिको व्यवस्था

यस कार्यविधिको अनुसूची १ मा प्रकाशित सूचना बमोजिम पेश भएका आवेदनहरूलाई छनौट तथा मूल्याङ्कन गर्नका लागि तपसिल बमोजिमको छनौट तथा मूल्याङ्कन समिति गठन गरिनेछ ।

क) कृषि प्रसार अधिकृत, केन्द्र –संयोजक
ख) बाली संरक्षण अधिकृत, केन्द्र–सदस्य
ग) बागवानी विकास अधिकृत वा प्रमुखले तोकेको अधिकृत–सदस्य सचिव

समितिले आवश्यकता अनुसार बढीमा २ जनासम्म विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । उपरोक्त समिति गठनका लागि उल्लेख भएबमोजिमको अधिकृत उपलब्ध नभएमा वा रिक्त भएमा कार्यालयमा भएका विषय सम्बन्धित कृषि प्राविधिक राखी समिति गठन गर्न सकिनेछ ।

## ९ छनौट तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार

क) सम्बन्धित उद्यमीबाट पेश भएका प्रस्ताव र सोसँग सम्बन्धित कागजातहरूको मूल्याङ्कन र चेकजाँच गर्ने, प्याक हाउस निर्माण हुने स्थान वा प्याक हाउस निर्माण भएको स्थानको अनुगमन गरी उपयुक्त देखिएका प्रस्तावलाई छनौटका लागि सिफारिस गर्ने ।

ख) छनौट तथा मूल्याङ्कन समितिको सिफारिसका आधारमा सम्बन्धित प्रमुखले प्रस्ताव स्वीकृत गर्नेछन् ।

ग) मेसिनरी जडान कार्यको अनुगमन गरी प्रतिवेदन पेश गर्ने ।

घ) प्याक हाउस निर्माण वा निर्मित प्याक हाउसमा मेसिनरी जडानको लागि अनुदान निकासा गर्न सिफारिस गर्ने ।

ङ) अनुदान रकमको हिसाब पेश नगर्ने वा सदुपयोग नगर्ने उद्यमीलाई कारवाहीका लागि सिफारिस गर्ने ।

च) छनौट तथा मूल्याङ्कन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

**१०. प्रस्ताव मूल्याङ्कन, छनौट र सम्झौता**

क) उद्यमीहरूबाट यस कार्यविधि बमोजिम प्राप्त प्रस्तावहरू छनौट तथा मूल्याङ्कन समितिले खाम बन्दी प्रस्तावहरू खोली मूल्याङ्कनको प्रक्रिया अगाडि बढाउनेछ ।

ख) प्रारम्भिक मूल्याङ्कनको लागि समितिबाट पेश भएका प्रस्तावहरूले आवश्यक न्यूनतम आधारहरू पूरा गरेको/नगरेको यकिन गरी पहिलो चरणमा प्रारम्भिक स्क्रिनिङ गरिनेछ । न्यूनतम आधारहरू पूरा नगरेका प्रस्तावहरूलाई समितिले मूल्याङ्कनको लागि अगाडि बढाउने छैन।

ग) आवश्यक न्यूनतम योग्यता पूरा गरी प्रारम्भिक स्क्रिनिङबाट सफल भएका प्रस्तावहरूलाई समितिबाट यस कार्यविधिको अनुसूची ४ बमोजिम मूल्याङ्कनका आधारहरूमा जाँच गरि अङ्क प्रदान गरिनेछ । प्राप्त प्रस्तावहरू मध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावहरूलाई उपलब्ध बजेटको आधारमा अनुदान प्रदान गर्न छनौट गरी समितिका अध्यक्ष समक्ष सम्झौताको लागि सिफारिस गर्नेछ ।

घ) समितिले आवश्यक ठानेमा पेश भएका प्रस्ताव र कार्ययोजना अनुसार भए/नभएको सम्बन्धमा फिल्ड अनुगमन समेत गर्न सक्नेछ । अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झूठो ठहरिए वा प्राविधिक दृष्टिकोणले अनुपयुक्त भएमा वा आवश्यक न्यूनतम योग्यता पूरा नगरेको यकिन भएमा सो प्रस्ताव रद्द गरी अन्य बाँकी प्रस्तावहरूको मूल्याङ्कन कार्य अगाडि बढाइनेछ ।

ङ) सम्बन्धित केन्द्र र छनौट हुन सफल उद्यमीबीच यस कार्यविधिको अधीनमा रही अनुसूची ६ बमोजिम कार्यक्रम सञ्चालनको लागि सम्झौता गरिनेछ ।

## परिच्छेद ३

## अनुदान रकम स्वीकृति र सम्झौता

क) प्याक हाउस निर्माण र मेसिनरी जडान कार्यका लागि सम्झौता बमोजिम केन्द्रबाट अनुदानको रकम उपलब्ध गराइनेछ । अनुदान स्वीकृत कार्यक्रम तथा बजेटको सिमाभित्र रही प्रदान गरिनेछ । तथापि एउटा प्रस्तावको लागि अधिकतम ५० लाखसम्म उपलब्ध गराउन सकिनेछ ।

ख) दफा (क) मा उल्लेख गरिए बमोजिम प्याक हाउस निर्माण र मेसिनरी जडान कार्य सञ्चालनका लागि कुल प्रस्तावमा पेश भएको इष्टिमेट अधिकतम ७० प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ ।

ग) आवेदकले आफूले व्यहोर्ने वा लगानी गर्ने रकमको प्रतिबद्धता (बैङ्क ग्यारेन्टी) पत्र पेश भएपछि मात्र अनुदान उपलब्ध गराइने छ ।

घ) अनुदान प्राप्त हुने रकमको अधिकतम ३ (तीन) प्रतिशत रकम कन्टिन्जेन्सी बापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, प्रस्ताव मूल्याङ्कन जस्ता प्रशासनिक कार्यमा खर्च गरिनेछ।

## परिच्छेद ४

## अनुदान रकम उपलब्ध गराउने र खर्च गर्ने विधि

### ११. अनुदान प्रवाह विधि

क) आवेदकले अनुदान रकमको किस्ता प्राप्त गर्न स्वीकत कार्ययोजना अनुसारका क्रियाकलापहरू सञ्चालन गर्दा भएको खर्चको बिल, भर्पाइ र प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ । किस्ता भुक्तानी गर्दा छनौट तथा मूल्याङ्कन समितिको मूल्याङ्कन तथा स्थलगत अनुगमन रिपोर्ट सहितको सिफारिसको आधारमा एकाउन्ट पेयी चेकबाट बढीमा ३ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराइनेछ ।

ख) यस कार्यविधि बमोजिम उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख सम्बन्धित निर्देशनालय, केन्द्रले राख्नु पर्नेछ र सो को प्रगति विवरण माथिल्लो निकायमा पठाउनु पर्नेछ ।

### १२. उद्यमीले पालन गर्नुपर्ने सर्तहरू

क) यस कार्यविधि बमोजिम सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि इत्यादि खुलेको होर्डिङबोर्ड कार्यक्रम सञ्चालन स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

ख) अनुदान प्राप्त गर्ने उद्यमीले प्याक हाउस निर्माण कार्यको तथा मेसिनरी जडान गर्ने कार्य गरे पश्चात तोकिएको प्राविधिकबाट सम्पन्न कामको निरीक्षण गराइ बिल भुक्तानीको लागि पेश गर्नुपर्नेछ ।

ग) कार्यक्रम सञ्चालन गर्ने क्रममा उद्यमीले मन्त्रालय, निर्देशनालय र केन्द्रले दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

घ) केन्द्रले चाहेमा क्रियाकलाप सञ्चालन तथा सो गर्ने क्रममा भएको खर्चको हिसाब किताब हेर्न सक्नेछ । कार्य प्रगति तथा खर्चको हिसाब देखाउनु सम्बन्धित उद्यमीको दायित्व हुनेछ ।

ङ) प्याक हाउसबाट सङ्कलन, सर्टिङ, ग्रेडिङ, प्याकेजिङ भएका सुन्तलाजात फलफूलको विवरण माग भएको अवस्थामा उद्यमीले सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

च) प्रस्तावित संरचना निर्माणपश्चात मर्मत सम्भारको जिम्मा अनुदानग्राहीको हुनेछ ।

छ) प्रास्तावित संरचनाहरू निर्माण गर्दा कुनै दुर्घटना भएमा त्यसको जिम्मेवारी अनुदानग्राहीले नै लिनु पर्नेछ ।

## परिच्छेद ५
## अनुगमन तथा मूल्याङ्कन व्यवस्था

### १३. अनुगमन तथा मूल्याङ्कन

क) अनुदान प्राप्त प्याक हाउस निर्माण तथा मेसिनरी जडान कार्यको अनुगमन मन्त्रालय, निर्देशनालय र सम्बन्धित केन्द्रहरूले संयुक्त वा आवश्यकता अनुसार छुट्टा-छुट्टै पनि गर्न सक्नेछन्।

ख) दफा (क) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नुपर्नेछ।

ग) दफा (क) बमोजिम दिएको निर्देशनको पालना गर्नु उद्यमीको कर्तव्य रहनेछ ।

## परिच्छेद ६
## विविध

### १४. अनुदान रकमको दुरूपयोग सम्बन्धमा

क) सम्झौता अनुरूप काम नगर्ने अनुदानग्राही वा उद्यमीलाई छनोट समितिले अनुदान रकम रोक्का राख्न सक्नेछ।

ख) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरूपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारवाही गरी असुल उपर गरिनेछ।

**१५. बाधा अड्चन निरूपण**

क) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरूपण छनौट समितिको सिफारिसमा केन्द्र प्रमुखले गर्नेछ ।

**१६. संशोधन तथा परिमार्जन**

क) यो कार्यविधिमा केही कुरा संशोधन वा परिमार्जन गर्न परेमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१७. प्रचलित कानुन बमोजिम हुने**

यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र अन्य व्यवस्थाहरूको हकमा प्रचलित ऐन र कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

## सुन्तलाजात फलफूलको प्याक हाउस निर्माण तथा मेसिनरी खरिद कार्यक्रमको प्रस्ताव आह्वानको सूचना

**सूचना ।। सूचना ।। सूचना ।।**

यस ......को आ.व ...... को वार्षिक स्विकृत कार्यक्रम अनुसार सुन्तलाजात फलफूलको प्याक हाउस निर्माण तथा मेसिनरी खरिद कार्यक्रम रहेको हुँदा इच्छुक कृषक, कृषक समूह, सहकारी संस्था, सार्वजनिक, गैरसरकारी संस्था, बजार समिति, निजी कम्पनीहरूबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र अनुसूची २ अनुसारको कागजातहरू संलग्न राखी प्रस्ताव सहित आवेदन यस कार्यालयमा पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । आवेदन बुझाउने सम्बन्धमा थप जानकारीका लागि ................. मा सम्पर्क राख्न सकिनेछ ।

## अनुसूची २

## सुन्तलाजात फलफूलको प्याक हाउस निर्माण तथा मेसिनरी खरिदका लागि अनुदान सहयोग मागका लागि आवेदन फाराम

श्रीमान् ..............................

....................................

मेरो/हाम्रो .............................. कृषक, कृषक समूह, सहकारी संस्था, सार्वजनिक, गैरसरकारी संस्था, बजार समिति, निजी कम्पनीबाट ....... जिल्ला, .......... म.न.पा./उप-म.न.पा./न.पा./गा.पा., वडा नं ...... अन्तर्गत ....... स्थानमा सुन्तलाजात फलफूलको प्याक हाउस निर्माण गरी/निर्माण भएको प्याक हाउसमा मेसिनरी जडान गरी सञ्चालन गर्ने लक्ष्य रहेकोले सोका लागि मेसिनरी खरिदको कुल लागत अनुमान रु.....................मध्ये रु .................. मेरो/हाम्रो आफ्नै तर्फबाट व्यहोरी बाँकी रकम रु......................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजात संलग्न राखी यो आवेदन पेश गरेको छु/ गरेका छौं ।

<u>संलग्न कागजातहरू</u>

१) रु.१० को टिकट टाँसेको अनुसूची २ अनुसारको आवेदन ।

२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३) सङ्घ/संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर लिएको प्रमाणको प्रतिलिपि, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।

४) सम्बन्धित म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.को कृषि शाखाबाट कार्यक्रम सञ्चालन गरिने स्थान प्राविधिक रूपमा उपयुक्त रहेको व्यहोराको सिफारिस पत्र ।

५) प्रस्तावित कार्यक्रम सञ्चालन गरिने स्थानको कम्तीमा ३ रोपनी क्षेत्रफल बराबर जग्गा धनी कृषकको नामावली सहित क्षेत्रफल खुलेको विवरण र लालपुर्जाको प्रतिलिपि साथै फर्म/संस्था/कम्पनीले जग्गा भाडामा लिएर कार्यक्रम सञ्चालन गर्न चाहेको खण्डमा कम्तीमा १५ वर्षको लागि जग्गा भाडामा लिएको सम्झौता र सो जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

६) निजी, फर्म/संस्था/कम्पनीले व्यहोर्नुपर्ने रकम नगद मौज्दात रहेको प्रमाण (बैङ्क स्टेटमेन्ट) र लगानीको श्रोतको आधार ।

७) सडक, बिजुली, र पानीको श्रोतको आधिकारिक प्रमाण (पुष्टि हुने कागजात)

८) निर्माण भएको वा निर्माण हुने प्याक हाउसको डिजाइन तथा जडान हुने मेसिनरीको स्पेसिफिकेशन र अनुमानित लागतको विवरण ।

९) अनुसूची ३ बमोजिमको कार्ययोजनाको विवरण ।

*(नोटः माथि उल्लेखित कागजपत्र संलग्न नरहेको खण्डमा त्यस्ता प्रस्तावहरू मूल्याङ्कनको लागि अगाडि बढाइने छैन ।)*

निवेदक

संस्थाको छाप

## अनुसूची ३

## म.न.पा./उप-म.न.पा./न.पा./गा.पा.ले प्रदान गर्ने सिफारिस पत्रको ढाँचा

.................. कार्यालयको मिति ..... को राष्ट्रिय दैनिक ...... मा प्रकाशित सूचना अनुसार ........ जिल्ला ............... म.न.पा./उप-म.न.पा./न.पा./गा.पा., वार्ड नं. ............ टोल ............ मा सञ्चालित .......... कृषक वा कृषक समूह वा सहकारी संस्था वा सार्वजनिक वा गैरसरकारी संस्था वा बजार समिति वा निजी कम्पनीले सिफारिस पाउँ भनी दिनुभएको निवेदन उपर जानकारी भए अनुसार उक्त कृषक वा कृषक समूह वा सहकारी संस्था वा सार्वजनिक वा गैरसरकारी संस्था वा बजार समिति वा निजी कम्पनी आ.व. .... देखि निरन्तर रूपमा सञ्चालन भइ वार्षिक ........... टन सुन्तलाजात फलफूल उत्पादन/सङ्कलन/प्रशोधन/विक्री गर्ने भएको र उक्त संस्थाबाट ......... कृषक घरपरिवार लाभान्वित भइरहेको हुँदा नियमानुसार सुन्तलाजात फलफूलको प्याक हाउस निर्माण तथा मेसिनरी खरिदका लागि अनुदान रकम उपलब्ध गरिदिनु हुन सिफारिस सहित अनुरोध गर्दछु।

<u>कार्यालय प्रमुख</u>
नामः
पदः
दस्तखतः
कार्यालयको छापः

## अनुसूची ४

## सुन्तलाजात फलफूलको प्याक हाउस निर्माण तथा मेसिनेरी खरिदका लागि गर्ने कार्यको प्रस्तावको ढाँचा

### १. आवेदकको विवरण

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| यदि संस्था भए दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाइटरको वा अध्यक्षको नाम | |
| सम्पर्क मोबाइल नं. | |
| परियोजना स्थल (कार्य क्षेत्र) | |
| परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कुल बजेट रु | |
| अनुदानग्राहीको तर्फबाट व्यहोर्ने रकम रु | |
| माग गरिएको अनुदान रकम रु | |
| स्थानीय निकाय वा गैंर-सरकारी संस्थाबाट अनुदान प्राप्त हुने भए सोको विवरण पनि उल्लेख गर्ने | |
| प्रस्तावना पेश गर्ने कार्यालयको नाम | |

### २. कार्यक्रम सञ्चालन गरिने स्थान र प्रमुख बजार वा मोटर बाटो बीचको दुरी

### ३. कार्यक्रम सञ्चालन गरिने स्थानमा उपलब्ध अन्य भौतिक सुविधाहरू (सडक, पानी, विद्युत आदि) उपलब्धताको बारेमा उल्लेख गर्ने ।

### ४. प्रस्तावित कार्यक्रमको औचित्य तथा महत्व

### ५. प्रस्तवित कार्यक्रमको अपेक्षित उपलब्धि

प्याक हाउस निर्माणबाट के के उपलब्धहरू हुन्छन् उल्लेख गर्नुहोस् ।

**६. सुन्तलाजात फलफूलको प्याक हाउस निर्माण तथा मेसिनेरी खरिद कार्य अन्तरगत सञ्चालन हुने मुख्य-मुख्य क्रियाकलापहरू**

| **क.सं.** | **क्रियाकलाप विवरण** | **एकाइ** | **परिणाम** | **समापन गर्ने मिति** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | |

**७. कार्यक्रम सञ्चालन अवधिः**

**८. खर्च विवरणः**

**क. स्थिर खर्चको विवरणः**

कृषि यन्त्र उपकरणहरू, भवन निर्माण, तारबार, जग्गा खरिद आदि जस्ता संरचना निर्माणमा हुने खर्च समावेश गर्ने ।

| **क.सं.** | **क्रियाकलापहरूको विवरण** | **एकाइ** | **परिमाण** | **दर** | **जम्मा खर्च (रु.** |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**ख. चालु खर्चको विवरण (एक वर्षको मात्र)**

विशेषज्ञ खर्च (डिजाइन, अनुमानित लागत इष्टिमेट), ढुवानी, ज्यामी आदिमा हुने खर्च ।

| **क्र.सं.** | **क्रियाकलापहरूको विवरण** | **एकाइ** | **परिमाण** | **दर** | **जम्मा खर्च (रु.)** |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**९. प्रस्तावित कार्यक्रमको लागत विवरण**

**आफ्नो लगानी र माग गरिएको अनुदान रकम**

| क्र.सं. | विवरण | अनुदानग्राहीको लगानी (रु.) | माग गरिएको अनुदान (रु.) | स्थानीय निकाय वा अन्य संस्थाको लगानी (रु.) | जम्मा रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | |

**१०. अनुदान सहयोगपश्चात प्याक हाउस सञ्चालनमा निरन्तरताका आधारहरू उल्लेख गर्नुहोस् ।**

**११. नयाँ सोंच केही भए उल्लेख गर्नुहोस्**

प्रस्तावकको

संस्थाका नाम                                                  संस्थाको छापः

ठेगाना

दस्तखतः

मितिः

## अनुसूची ५
## मूल्याङ्कन मा आधारहरू

| सि .नं. | विवरण | प्राप्त हुने अङ्क |
|---|---|---|
| १. | **प्याक हाउस निर्माण स्थानमा आवश्यक पूर्वाधारको उपलब्धता** | **२०** |
| | (क) बाटो, बिजुली, पानीको सुविधा भएको | २० |
| | (ख) बाटो, बिजुली, पानीको व्यवस्था सम्भव भएको | १० |
| | (ग) बाटो, बिजुली, पानीको पर्याप्त सुविधा नभएको | ० |
| २. | **प्याक हाउस निर्माण स्थानमा संस्थाको जग्गाको स्वामित्व** | **१५** |
| | (क) ३ रोपनी वा सोभन्दा बढी जग्गाको स्वामित्व आफ्नै नाममा भएको | १५ |
| | (ख) ३ रोपनी वा सोभन्दा बढी जग्गा १५ वर्ष भन्दा बढीको लागि भाडामा लिएको | १० |
| ३. | **स्थानीय निकाय वा गैर-सरकारी संस्थाको सहभागिता** | **१५** |
| | क) स्थानीय निकायको सहभागिता सुनिश्चत भएको | १५ |
| | (ख) गैर-सरकारी संस्थाको सहभागिता सुनिश्चत भएको | १० |
| | (ग) दुवैको सहभागिता नहुने | ० |
| ४. | **प्याक हाउसमा मेसिनरी जडान प्रस्तावको आर्थिक क्षमताको अवस्था** | **१५** |
| | (क) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने लिखित आधार पेश भएको | १० |
| | (ख) व्यहोर्नु पर्ने लागत अंश व्यहोर्ने सम्भाव्य देखिएको | ५ |
| | (ग) व्यहोर्नु पर्ने लागत अंश सम्भाव्य नदेखिएको | ० |
| ५. | **प्याक हाउसमा मेसिनरी जडान पश्चात सुन्तलाजात फलफूलको सङ्कलन, सर्टिङ, ग्रेडिङ, प्याकेजिङमा पुर्याउन सक्ने योगदानको सम्भाव्यता** | **१०** |
| | (क) ६०० टन भन्दा धेरै सुन्तलाजात फलफूलको सङ्कलन, सर्टिङ, ग्रेडिङ, प्याकेजिङ हुने देखिएको | १० |
| | (ख) ६०० टन सुन्तलाजात फलफूलको सङ्कलन, सर्टिङ, ग्रेडिङ, प्याकेजिङ हुने देखिएको | ८ |
| | (ग) ५०० टन सुन्तलाजात फलफूलको सङ्कलन, सर्टिङ, ग्रेडिङ, प्याकेजिङ हुने देखिएको | ५ |
| ६. | **प्याक हाउसको डिजाइन साइज र उपयुक्तता** | **१५** |
| | (क) मेसिनरीको स्पेसिफिकेशन प्याक हाउसको क्षमता अनुसार पर्याप्त भएको | १५ |
| | (ख) मेसिनरीको स्पेसिफिकेशन प्याक हाउसको क्षमता भन्दा कम वा बढी भएको | ५ |
| ७. | **प्याक हाउको सञ्चालनमा निरन्तरता** | **१०** |
| | (क) प्याक हाउको स्थापनापश्चात निरन्तर रूपमा सञ्चालन हुने पर्याप्त आधार देखिएको | १० |
| | (ख) प्याक हाउको स्थापनापश्चात निरन्तर रूपमा सञ्चालन हुने पर्याप्त आधार नदेखिएको | ० |
| | **जम्मा** | **१००** |

# अनुसूची ६
## प्रतिवद्धता-पत्र

....................को मिति................. मा प्रकाशित सूचना अनुसार सुन्तलाजात फलफूलको प्याक हाउस स्थापना गरी/स्थापना भएकोमा मेसिनरी खरिद अनुदान सहयोग प्राप्त गर्न इच्छुक भइ सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/गरेका छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरि घटिमा .................वर्षसम्म निरन्तरता दिनेछु/दिनेछौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ............वर्ष भन्दा अगावै सो कार्यहरू बन्द गरेमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अनुदान फिर्ता गर्नेछु/गर्नेछौं । अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला/बुझाउँला । साथै प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौं । इति संवत् २०७..........गते .............रोज मा शुभम् ।

नाम :

ठेगाना :

दस्तखत :

मिति:

संस्थाको छाप:

| दायाँ | बायाँ |
|---|---|
| | |

**अनुसूची- ७**

**सम्झौता-पत्र**

१. यो सम्झौता-पत्र ....... (प्रथम पक्ष) र ....... (दोस्रो पक्ष) बीच सुन्तलाजात फलफूलको प्याक हाउस स्थापना गरी/स्थापना भएकोमा मेसिनरी खरिद अनुदान कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ ।

२. सम्झौता भएको मितिदेखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरू सम्झौता भएको मितिले ....... दिनभित्र सुरु गर्नुपर्नेछ ।

४. सुन्तलाजात फलफूलको प्याक हाउस स्थापना सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई आयोजनाको लागि स्वीकृत अनुदान रकम सम्झौता बमोजिम सम्पूर्ण काम सम्पन्न भएपछि सम्पूर्ण रकम एकमुष्ठ उपलब्ध गराउनेछ ।

५. अनुदान प्राप्त हुने रकमको अधिकतम ३.० (तीन) प्रतिशत रकम कन्टिन्जेन्सी बापत पहिलो पक्षले सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, प्रस्ताव मूल्याङ्कन जस्ता प्रशासनिक कार्यमा प्रयोग गर्ने छ ।

६. स्वीकृत अनुदान रकम भुक्तानी दिंदा छनौट तथा मूल्याङ्कन समिति सिफारिसको आधारमा गरिनेछ । दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा छनौट तथा मूल्याङ्कन समितिको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ ।

७. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा छनौट तथा मूल्याङ्कन समितिले मूल्याङ्कनका लागि लागत अनुसारको बिल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरू प्राप्त भएको ....... दिनभित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउने छ ।

८. प्याक हाउस स्थापना तथा मेसिनरी जडान गर्ने कार्यहरू .......महिनाभित्र सम्पन्न गर्नुपर्नेछ।

९. प्याक हाउसको अनिवार्य रूपमा बिमा गर्नुपर्नेछ ।

१०. प्याक हाउसको निर्माण र सञ्चालनपश्चात मर्मत सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

११. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्य सञ्चालन गरेपश्चात सार्वजनिक सुनुवाइ गर्नुपर्नेछ ।

१२. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा निर्माण स्थानमा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोस्रो पक्षबाट लिनुपर्नेछ ।

| | |
|---|---|
| ............................... | .................................. |
| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नाम : |
| पद: | पद : |

<u>साक्षीहरू</u>